मिति २०७१।०८।२८

श्रीमान कार्यकारी अधिकृत ज्यू

सिद्धार्थनगर नगरपालिका कार्यालय, सिद्धार्थनगर ।

**विषय : आ.ले.प. प्रतिवेदन पेश गरेको ।**

महोदय,

उपरोक्त विषयमा नम्र विवेदन यो छ की यस कार्यालयको आ.व. २०७१।०७२ को प्रथम चौमासिक अवधिको आन्तरीक लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन यसै साथ संलग्न गरी पेश गरेको ब्यहोरा अनुरोध छ ।

यादव प्रसाद सापकोटा

आ.ले.प. अधिकृत

सि.न.पा.कार्यालय, सिद्धार्थनगर

विष्णुदत्त गौतम

कार्यकारी अधिकृत

सिद्धार्थनगर नगरपालिका कार्यालय

सिद्धार्थनगर नगर पालिका

सिद्धार्थनगर

दर्ता नं. 5694

मिति 8/28

अनुसूची-७४

# सिद्धार्थनगर नगरपालिका कार्यालय, सिद्धार्थनगर
## आन्तरिक लेखापरीक्षण प्रतिवेदन

प्रतिवेदनको अवधि: मिति २०७१।०४।०१ देखि २०७१।०७।३० सम्म

कार्यालय प्रमुखको नाम: टीकादत्त राई र विष्णुदत्त गौतम     स्वीकृत वार्षिक **बजेट** : रु.३३,६३,७२,५००।००

आ.प्र.शाखा प्रमुखको नाम: गणेश वहादुर क्षेत्री   आ.ले.प.शाखा प्रमुखको नाम: यादव **प्रसाद** सापकोटा

| सि.नं. | गोश्वारा भौ.नं. | आ.ले.प. गर्दा देखिएको मुख्य ब्यहोरा | नियमित गर्नै रकम रु | अशुल गर्नै रकम रु | पेश्की रकम रु | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | म्याद नाघेको | म्याद ननाघेको | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

आ.ले.प. शाखा प्रमुखको दस्तखत:

मिति:

२०७१/०८/२५

यादव प्रसाद सापकोटा

अ.ले.प अधिकृत

सिद्धार्थनगर नगरपालिका कार्यालय

## सिद्धार्थनगर नगरपालिकाको कार्यालय, सिद्धार्थनगर

### आ.व. २०७१।०७२ को प्रथम चौमासिक अवधिको आन्तरिक लेखापरीक्षण प्रतिवेदन

**राजश्व तर्फ :**

नियमानुसार प्रत्येक महिनाको ७ गते भित्र दाखिला हुनु पर्ने रकम देहायका ब्यक्ती तथा फर्महरुबाट देहाय बमोजिमको रकम दाखिला हुन वाँकी देखिन्छ :

- संयुक्त टोल सुधार समिति सि.न.पा. ६ को भाद्र, आश्विन र कार्तिकको मासिक रु २०००।– का दरले रु ६०००।- दाखिला हुन वाँकी ।
- सिद्धार्थ वसपार्क स्थित बुद्धि वहादुर रानाभाटको आश्विन र कार्तिकको रु ७०००।-का दरले रु १४०००।- दाखिला हुन वाँकी ।
- आरती पोडे, हाटवजार स्थित शौचालयको श्रावण देखि कार्तिक सम्मको मासिक रु १५००।- का दरले रु ६०००।- र सोही अवधिको विद्युत महशुल रु ३००।- दाखिला हुन वाँकी देखिन्छ ।

**बेलहिया स्थित जीप पार्क:**

- प्रेम कुमारी थापाको कार्तिकको रु १३२०।- वाँकी
- अमित थापाको कार्तिकको रु १२१०।-वाँकी
- कपिल कुमार चन्द भाद्र देखि कार्तिकको मासिक रु १६५०।-का दरले रु ४९५०।- वाँकी
- अमिता श्रेष्ठ प्रधानको मासिक रु ११००।- का दरले भाद्र देखि कार्तिकको रु ३३००।- दाखिला हुन वाँकी ।
- प्रेम बहादुर गुरुङ्को कार्तिकको रु १४००। - वाँकी ।
- बेल वहादुर गुरुङ्ग (झुपेको) श्रावण देखि कार्तिक सम्मको मासिक रु ८८०।- का दरले रु ३५२०।- दाखिला हुन वाँकी देखिन्छ भने नियमानुसार अग्रीम तीन महिनाको रकम दाखिला भएको देखिदैन ।
- कमला वस्नेतको मासिक रु ६६०।- का दरले भाद्र देखि कार्तिक सम्मको रु १९८०।- वाँकी ।
- रतन वहादुर आलेको आश्विन र कार्तिकको मासिक रु ६६०।-का दरले रु १३२०। - वाँकी ।
- नन्दराम गुरुङ्को कार्तिक महिनाको रु ६६०।- वाँकी ।
- रामु चन्दको मासिक रु ८८०।- का दरले श्रावण देखि कार्तिक सम्मको रु ३५२०।- दाखिला हुन वाँकी देखिन्छ ।

यादव प्रसाद सापकोटा
अ.ले.प. अधिकृत
सिद्धार्थनगर नगरपालिका कार्यालय,

- सुनिल गुरुङ्गको आश्विन र कार्तिकको मासिक रु २७५०।-का दरले रु ५५००।- दाखिला हुन वाँकी ।
- आशा पौडेलको कार्तिकको रु ७७०।- दाखिला हुन वाँकी ।
- सन्ध्या क्षेत्रीको मासिक रु १६५०।- का दरले भाद्र देखि कार्तिक सम्मको रु ४९५०।- वाँकी ।
- सालु राईको मासिक रु २२०।- का दरले भाद्र देखि कार्तिक सम्मको रु ६६०।- वाँकी ।
- राम वहादुर सारुको मासिक रु ६६०।-का दरले श्रावण देखि कार्तिक सम्मको रु २६४०।- वाँकी देखिन्छ भने अग्रीम दाखिला गर्नु पर्ने रु १९८०।- समेत दाखिला भएको देखिदैन ।
- राम प्यारी थापाको मासिक रु ११००।- का दरले भाद्र देखि कार्तिक सम्मको रु ३३००।- दाखिला हुन वाँकी देखिन्छ ।
- धन वहादुर गुरुङ्गको कार्तिकको रु १३२०।- वाँकी देखिन्छ ।
- राम वहादुर थापाको मासिक रु १३२०।- का दरले भाद्र देखि कार्तिक सम्मको रु ३९६०।- वाँकी देखिन्छ ।
- सिद्धार्थ चलचित्र भवनको यस आ.व.मा मनोरन्जन कर दाखिला गरेको पाईएन । व्यवसाय कर रु ३०,०००।- समेत वाँकी देखिन्छ ।
- पदमाश्री चलचित्र भवनको मनोरन्जन कर दाखिला गरेको पाईएन ।
- काशि सिने प्लेक्सले २०७१।०५।०५मा रु ५२,८०५।-दाखिला गरेको देखिन्छ तर उक्त रकमको पुस्ट्याई संलग्न गर्नु पर्ने ।
- व्यवसायकरको दायरामा नआएका व्यवसायीहरुलाई दायरामा ल्याउन र बक्यौता रकम अशुलीको लागि वडा सचिवहरुलाई जिम्मा दिई परिचालन गरेमा प्रभावकारी हुने देखिन्छ ।
- भंसार कार्यालय अगाडीको पार्किङ्ग स्थललाई गत आ.व. सरह सम्झौता गरी बेलहिया गाउँ समाजलाई दिईएकोले स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १६७ को उपनियम ४ खण्ड "ग" मा व्यवस्था भए बमोजिम हुनु पर्ने ।
- मायादेवी तरकारी तथा फलफुल वजारको ठेकेदारको तर्फवाट न.पा.मा दाखिला गरी नारायण स्थान मंदिर संचालक समितिलाई बुझाउनु पर्ने वार्षिक रु ५२५००।- आ.व. २०६९।०७० देखि वाँकी देखिन्छ । उक्त रकम अशुल गरी मंदिर समितिलाई बुझाउन पहल गर्नु पर्ने देखिन्छ ।
- कम्प्युटर सफट्वोयर खरिद गरिएकोमा प्राविधिक सहयोग तथा मर्मत वापत वार्षिक खरिद रकमको २० प्रतिशत रकम भुक्तानी भएको देखिन्छ । राजश्व शाखाको कतिपय शिर्षक हरुमा तथ्याङ्क प्रविष्टि गरे भन्दा फरक परिणाम देखिने गरेको पाईयो । यस्ता समस्याहरुको समाधान गर्नको लागि पहल गर्नु पर्ने देखिन्छ ।

धरौटी तर्फः

यादव प्रसाद सापकोटा
अ.ले.प.अधिकृत
सिद्धार्थनगर नगरपालिका कार्यालय

यस आ.व. को प्रथम चौमासिक अवधिमा रु ५२,८१,३३०।७९ धरौटी आम्दानी भएकोमा गत आ.व.को जिम्मेवारी रु ७८,३६,५३२।६४ गरी कुल धरौटी आम्दानी रु ९१,१७,८६३।४३ बाट १७,५१,२२२।- फिर्ता भई रु ७३,६६,६४१।४३ विभिन्न व्यक्ति, फर्म तथा संघ संस्थाको नाममा धरैटी रकम बाँकी देखिन्छ ।

देहायका ठेकेदारहरुले आ.व. २०६९।०७० र ०७०।०७१ मा देहाय बमोजिमको ठेक्का लिएको देखिन्छ :

फक्त वहादुर शाह, वसपार्क ठेक्का : दुई आ.व.को कुल रकम रु ५५,१४,१००।-

एम वहादुर पुन , हाटवजार ठेक्का : ,, ,, ,, रु ३७,०६,८००।-

अमित कुमार गुप्ता, पटके सवारी कर ठेक्का : ,, ,, ,, रु २७,०५,५००।-

गो.भौ. नं. ७६,७७ र ७८ बाट उल्लेखित ठेक्का वापतको धरौटी रकम फिर्ता भएको देखिन्छ । कर चुक्ता प्रमाणपत्र संलग्न नभएकोले संलग्न गर्नु पर्ने ।

**<u>एकिकृत सम्पत्तीकर :</u>**

- यु.सि.एम.एस. भैरहवाको रु ५१,८३,७७२।१८ घर जग्गा कर सहितको बक्यौता देखिएकोले अशुलीको लागि पहल गर्नु पर्ने । निर्माण कार्य भईरहेको पाईएकोले तथ्याङ्क अध्यावधिक गर्नु पर्ने देखिन्छ ।
- नेशनल ट्रेडिङ्ग भैरहवाको रु ८,६७,३७७।४२ बक्यौता देखिन्छ ।
- रामजी श्रेष्ठ समेत (सिद्धार्थ चलचित्र मंदिर), राधेश्याम हलुवाई (होटल पवन ईन्टरनेशनल) लगायतका ठुला करदाताहरु एकिकृत सम्पत्ती करको दायरामा आएको पाईएन । दायरामा नआएकालाई पत्राचार गरी कर अशुली गर्नु पर्ने ।
- कम्प्युटर सफ्टवोयरमा खारेज गरिएका करदाताहरु हटनु पर्नेमा तथ्याङ्क जोडिएर आउने लगायतका समस्याहरु आउने गरेको पाईयो । समाधानको लागि पहल गर्नु पर्ने ।

**<u>लेखा ( चालु खर्च तर्फ) :</u>**

महेन्द्र सभा गृह लिजमा दिईएकोमा पानिको विल नगरपालिकाले बुझाएको देखिएकोले विल,कार्ड सम्वन्धित पक्षलाई हस्तान्तरण गरी निजले बुझाउने ब्यवस्था गर्नु पर्ने ।

यादव प्रसाद सापकोटा
अ.ले.प अधिकृत
सिद्धार्थनगर नगरपालिका कार्यालय,

- गो.भौ.नं. ३७, शुभ पन्च बुद्ध सप्लायर्स सि.न. बाट वारुण यन्त्रको लागि भनी बेट्री थान दुई रु ६५०००।- मा खरिद गरिएकोमा हाल वारुण यन्त्रमा प्रयोग नभएकोले जिन्शी मौजदातमा समावेस गरिनु पर्ने ।
- गो.भौ.नं. ३८, होटल पवनको विभिन्न कार्यक्रममा नास्ता ब्यवस्था गरे वापत रु ४५,०००।- खर्च लेखिएकोमा सो मध्ये रु २३४०।- आई.यु.डि.पि.(पि.आई.यु.) को विल संलग्न भएकोले सोही खाताबाट खर्च लेख्नु पर्नेमा स्थानीय निकाय चालु खर्च खाता बाट खर्च लेखिएकोले हिसाव मिलान गर्नु पर्ने ।
- गो.भौ.नं.९४, वाई.टि. स्टिल फर्निचर उद्योग सि.न.पा. लाई वेलहिया गाउँ समाज द्वारा संचालित ट्रेक्टर ट्रली मर्मत गर्नको लागि रु ५९,९९९।९९ भुक्तानी भएको देखिन्छ । उक्त संस्था संग भएको सम्झौतामा त्यस्तो कुनै प्राभधान देखिदैन ।
- गो.भौ.नं. ११२, परम्परागत रुपमा गरिदै आएको मौला पुजा सवारी साधन र चालक पिच्छे भुक्तानी दिनुको सट्टा सामुहिक रुपमा गरी खर्च कटौती हुनुको साथै प्रभावकारी हुने देखिन्छ ।
- गो.भौ.नं.१४४, गौरी जनरल अर्डर सप्लायर्स बाट बा.११च ३२६३ को लागि रु १,४५,९३९।५० को सामानहरु खरिद गरेको देखिन्छ । कतिपय पूजीगत प्रकृतीका सामानहरु भएकोले पूजीगत खाताबाट खर्च गर्नु उपयुक्त देखिन्छ । गाडी पि.आई.यु. को बजेट बाट खरिद गरिएकोले खर्च पनि सोही खाता बाट गर्नु पर्ने र सम्वन्धित संस्थाले पेश गर्ने provisional amount बाट घटाउनु पर्ने ।

<u>पूँजीगत खर्च खाता :</u>

- गो.भौ.नं. ११, आई.यु.डि.पी. कार्यक्रम अन्तर्गतको सडक सर्भेक्षण गरे वापत रु ४८६४०।- भुक्तानी भएकोमा १% सा.सु. कर कट्टी नभएकोले अशुल गरी दाखिला गर्नु पर्ने । उक्त रकम
- आई.यु.डि.पी. खाता बाट खर्च लेख्नु पर्नेमा स्था. नि. पूँजीगत खर्च खाता बाट भएकोले हिसाव मिलान गर्नु पर्ने देखिन्छ ।
- गो.भौ.नं. १९, एस.एस. निर्माण सेवा पिपरहिया भुजौली सडक पीच कार्यको रु ३२,६६,१०५।६७ मा ठेक्का स्वीकृत भएकोमा रु ३३,८७,७९८।३९ भुक्तानी भएको देखिन्छ । बढी काम गर्नको लागि अग्रीम भेरिएशन आदेश लिएको पाईएन ।
- गो.भौ.नं.२२, एकिकृत शहरी विकास परियोजनाको लागि गार्डेन पाईप रु २४२३।८५ मा खरिद गरिएकोमा सोही परियोजनाको खाताबाट खर्च लेखिनु पर्ने ।
- गो.भौ.नं.२७, कार्यालयमा एक कोठा बनाय वापत रु ३०,०००।- भुक्तानी भएकोमा ईस्टिमेट नभएको, इट्टाको भ्याट विल संलग्न हुनु पर्ने ।

यादव प्रसाद अर्याकोटी
अ.ले.प.अधिकृत
सिद्धार्थनगर नगरपालिका कार्यालय,

- गो.भौ.नं.४५, महिला स्वास्थ्य स्वयं सेविका नगर समिति सि.न.लाई खुला दिशा मुक्त तीज गित प्रतियोगिता संचालन गरेकोमा रु २५०००।- भुक्तानी भएकोमा चन्द्रा साउन्डको रु ७०००।-को सादा विल संलग्न, फोटोकपीको विल रु ४५००।- संलग्न । स्थायी लेखा नं. र मु.अ.करमा दर्ता भएका फर्म संग मात्र कारोवार गर्नु पर्ने ।
- गो.भौ.नं.५४, एस.एस. निर्माण सेवा लाई विभिन्न स्थानमा मिस्कट पाटने कार्यको रु ३२०९२।- भुक्तानी भएको देखिन्छ, ईस्टिमेट संलग्न भएको पाईएन ।
- गो.भौ.नं.७८, गोदावरी इन्टरप्राईजेज सि.न.लाई वडा प्रहरी कार्यालयको लागि टि.भि. खरिद वापत रु २२०३५।- भुक्तानी भएकोमा अनुदान शिर्षक बाट खर्च लेखिनु पर्नेमा कार्यालयको लागि आवश्यक मेशिनरी औजार तथा अन्य उपकरण (पूजी निर्माण खर्च) शिर्षक बाट खर्च लेखिएको ।
- पाँच लाख वा सो भन्दा बढी लागत अनुमान भएका कार्यक्रम तथा आयोजनाहरुको नाम, लागत अनुमान , सम्झौता मिति, सम्पन्न हुने मिति, लााभान्वित जनसंख्या, लागत सहभागिता जस्ता विवरण सहितको सूचना पाटी सर्वसाधरणले देख्न सक्ने गरी आयोजना स्थलमा राख्नु पर्ने ।
- ऐन, नियमको भावना अनुसार साठी लाख सम्म लागत अनुमान भएका कार्यक्रम तथा आयोजनाहरु स्थानीय उपभोक्ता समिति मार्फत कार्यान्वयन गराउन प्राथमिकता दिनु पर्ने ।

**एकिकृत शहरी विकास परियोजना :**

- गो.भौ.नं.३, भ्रमणको विलमा एकै दिन र स्थानको हवाई टिकटमा का.अ.ज्युको रु ४४८५।- पेश गरेको पाईयो भने अन्य अधिकृत ज्युहरुको रु ६२०५।-को विल पेश गरेको पाईएकोले खर्चमा मितब्यीता अपनाउनु पर्ने देखिन्छ । भ्रमणको उद्देश्य, आवश्यक संख्या स्पष्ट उल्लेख गर्नु पर्ने देखिन्छ ।
- गो.भौ.नं.१६,१७ जि.ई.ओ.सी.प्रा.लि. र नेपाल ग्रामिण विकास केन्द्र लाई जुन देखि सेप्टेम्वर १५ सम्मको Remuneration and out of pocket expences वापत क्रमश रु ५७,६२,६२७।१० र १३,६७,२१५।२५ भुक्तानी भएको देखिन्छ जसमा हवाई यात्रा , घर वहाल जस्ता खर्चहरु पनि समावेस छन । हवाई टिकट संलग्न गर्नु पर्ने, घर वहाल कर दाखिला गर्नु पर्ने ।

**प्रशासन महशाखा :**

प्लम्वर, ईलेक्ट्रिसियन, सहायक ईलेक्ट्रिसियन, सफाई नाईके लगायतका पदमा विभिन्न सेवा सुविधा तथा जिम्मेवारी तोकी करारमा नियुक्ति गरेको देखिन्छ । ऐन, नियमको कुन प्रावधान अनुसार नियुक्त

माधव प्रसाद सापकोटा
अ.ले.प. अधिकृत
सिद्धार्थनगर नगरपालिका कार्यालय

गरिएको हो स्पष्ट हुन सकेन । स्थानीय स्वायत्त शासन नियमावली,२०५६ को नियम २१७ (१क) मा व्यवस्था भए बमोजिम हुनु पर्ने देखिन्छ ।

**जिन्शी शाखा :**

- रसिद नियन्त्रण खाता हाल सम्म नराखिएकोले अविलम्व ब्यवस्था गर्नु पर्ने देखिन्छ ।
- कतिपय जिन्शी सामानहरु पर्याप्त मौजदात हुँदा हुदै खरिद गरेको पाईयो ।
- खरिद गरिएका सामानहरुको मुल्य, ब्याच नम्वर आदि सहित प्रविष्टि गर्नु पर्ने र पहिचान खुल्ने गरी कोडिङ्ग गर्नु पर्ने देखिन्छ ।
- ग्यारेन्टी पिरियड भित्र खराव भएका सि.एफ.एल. बल्वहरु फिर्ता गरी नयाँ लिन पहल गर्नु पर्ने ।
- जिन्शी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसारका मर्मत गरी संचालन योग्य सामानहरु मर्मत गर्न र मर्मत गर्न नसकिने मालसामानहरु लिलाम गर्नु पर्ने देखिन्छ।
- अधिकाशं सवारी साधनहरुको नियमानुसारको लगबुक भरेको पाईएन । अनुसूची -४५ अनुसारको लगबुक भरी प्रमाणीत गराउनु पर्ने देखिन्छ ।
- कार्यालयमा आवश्क वस्तु तथा सेवा खरिद गर्दा स्वीकृत खरिद योजना अनुसार गर्न सुझाव छ ।

यादव प्रसाद सापकोटा
आ.ले.प. अधिकृत
सिद्धार्थनगर नगरपालिका कार्यालय

यादव प्रसाद सापकोटा

आ.ले.प. अधिकृत

सि.न.पा.कार्यालय, सिद्धार्थनगर